# नेपाल अर्बुद रोग निवारण संस्था
## कास्की शाखा

---

श्रीमान् बिमल कुमार होडाज्यु
महासचीव
नेपाल अर्वुद रोग निवारण संस्था
केन्द्रिय कार्यालय
बालकुमारी, ललीतपुर

<u>विषय : कार्यक्रम  सम्बन्धी प्रतिवेदन पठाएको सम्बन्धमा</u>

महोदय ,

उपरोक्त सम्बन्धमा यस कास्की शाखाले विगत वर्षहरु देखी अर्वुद रोग र सुर्तीजन्य पदार्थ सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु प्रभावकारी रुपमा बिभीन्न समयमा सम्पन्न गर्दै आएको जानकारी गराउँदछौं । यसै क्रममा कास्की शाखाले संचालन गरेको अर्वुदरोगको निवारण र सुर्तीजन्य पदार्थको विरुद्धको अभीयानमा विभीन्न संघसंस्था , आमा समुह , शैक्षिकसंस्था , संचार माध्यम र स्थानीय निकायले सद्भाव र सहकार्य गरी संस्थागत सम्वन्धलाई प्रगाढ वनाउन सफल भएको छ ।

कास्की शाखाले तेह्रौं सभा २०६९ मंसीर देखी २०७१ श्रावण सम्ममा सम्पन्न गरेका विभीन्न कार्यक्रम तथा गतीविधीहरुको संक्षिप्त प्रगती विवरण र फोटो यसै पत्रसाथ संग्लन गरी पठाईएको व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै अर्वुद स्मारीकाका लागी लेख रचना पनि पठाईएको जानकारी गराउँदै स्मारीकामा यस कास्की शाखाको गतीबिधी , फोटो र लेख रचनालाई यथोचीत थान दिई प्रकाशीत गरीदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

दिनेश शंकर पालिखे
( सभापती )
नेपाल अर्बुदरोग निवारण संस्था
कास्की शाखा

# नेपाल अर्बुदरोग निवारण संस्था , कास्की शाखाका गतिविधीहरु

## १. तेह्रौं शाखा सभा




नेपाल अर्बुदरोग निवारण संस्था कास्कीको तेह्रौं शाखा सभा संस्थाका सभापती दिनेश शंकर पालिखेको अध्यक्षतामा २०७० मंसीर २९ गते डिभीलेज रेष्टुरेन्ट , चिप्लेढुंगा , पोखरामा सम्पन्न भयो । नेपाल उद्योग बाणीज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीको प्रमुख अतीथीमा सम्पन्न उक्त कार्यक्रममा संस्थाको वार्षीक प्रतीबेदन सचीव राम प्रसाद वस्ताकोटी र लेखापरीक्षण प्रतिवेदन कोषाध्यक्ष रामचन्द्र थापाले प्रस्तुत गर्नु भएको थियो । केन्द्रिय उपकोषाध्यक्ष माधव प्रसाद सग्देल , पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुभाष तभ्न्या ,सल्लाहकार लेखतमान लाभाजु लगायतले क्यान्सर रोग तथा सुर्तीजन्य पदार्थको नकरात्मक असर र नियन्त्रण सम्वन्धमा मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

कास्की जिल्लामा सम्पन्न गरेका क्यान्सर रोग तथा धुम्रपान सम्बन्धि कार्यक्रम सम्बन्धमा संस्थाका सभापती दिनेश शंकर पालिखेले जानकारी दिनुभएको थियो । स्वागत मन्तव्य शान्ता गिरी र कार्यक्रम संयोजक बिश्व मोहन अधिकारीले कार्यक्रम संचालन गर्नु भएको उक्त शाखा अबिधेशनमा आजीवन सदस्यहरु , संघसंस्थाका प्रतिनीधी , नागरीक समाज र संचार माध्यमका प्रतिनीधीहरुको उल्लेखनीय सहभागीता रहेको थियो ।

## २ . स्वास्थ्य सम्वन्धि जनचेतनामुलक कार्यक्रम




नेपाल अर्बुदरोग निवारण संस्था तथा ईनर व्हिल क्लव अफ अन्नपुर्णको संयुक्त आयोजनामा बुद्ध विहार, नदिपुर , पोखरामा स्वास्थ्य सम्वन्धि जानकारी अभीवृद्धिको लागी सचेतनामुलक कार्यक्रम २०७० पौष १३ गते सम्पन्न भयो । ईनर व्हिल क्लव अफ अन्नपुर्णका सचिव मीना आचार्यले कार्यक्रम संचालन तथा पूर्व अध्यक्ष ज्योत्स्ना प्रजुले स्वागत मन्तव्य गर्नुभएको थियो ।

उक्त सचेतना कार्यक्रममा चिकीत्सक डा. डेनीश श्रेष्ठले बिभीन्न रोगको लक्षण र उपचार सम्वन्धि विविध पक्षवारे विस्तृत जानकारी दिनुभएको थियो। ईनर व्हिलक्लव अफ अन्नपुर्णका अध्यक्ष लक्ष्मी देवी शर्माको सभापतीत्वमा भएको उक्त कार्यक्रममा नेपाल अर्बुदरोग निवारण संस्थाका सभापती दिनेश शंकर पालिखेले यस कार्यक्रमवाट सवै लाभान्वित भएको र भवीष्यमा यस्तो कार्यक्रम गर्दै लैजाने भनाई राख्नुभएको थियो। ईनर व्हिल क्लव अफ अन्नपुर्णका संस्थापक अध्यक्ष सरसीज पालीखे , रोटरी क्लव अफ अन्नपूर्णका अध्यक्ष रोश बहादुर गुरुङ , दायक सभाका अध्यक्ष कृष्णमान गुभाजु र बौद्ध उपासीका संघका अध्यक्ष चन्द्र लक्ष्मी गुभाजुले मन्तव्य गर्नु भएको उक्त कार्यक्रममा सहभागीहरुलाई क्यान्सर रोग र धुम्रपान सम्वन्धि ब्रोसरहरु वितरण गरीएको थियो।

## ३. २३ औं केन्द्रिय सभामा सहभागीता

नेपाल अर्वुदरोग निवारण संस्थाको २३ औं केन्द्रिय सभा हेटौंडामा २०७० पौष २६ र २७ गते कास्की शाखा सभापती दिनेश शंकर पालिखेको नेतृत्वमा निवर्तमान सभापती तथा केन्द्रिय उपकोषाध्यक्ष माधव प्रशाद सिग्देल , सचीव राम प्रसाद वास्ताकोटी , कोषाध्यक्ष रामचन्द्र थापा तथा कार्य समीती सदस्यहरु प्रेम बहादुर भुजेल ,कृष्ण मानन्धर र तिर्थ बस्नेत सहभागी हुनुभएको थियो। उक्त केन्द्रिय सभामा शाखाको तर्फबाट वार्षीक प्रतीवेदन र शाखा गतिविधी समावेश भएको चित्रमय व्यानर समेत प्रस्तुत गरीएको थियो।

## ४ . पाठेघरको क्यान्सरको निशु:ल्क परीक्षण




नेपाल अर्वुद रोग निवारण संस्था र माया आउटरीच , यु .के.को संयुक्त आयोजनामा २०७० माघ ४ गते महिलामा हुने पाठेघरको क्यान्सर रोगको न्युनिकरणका लागी पाठेघरको श्राव परीक्षण निशु:ल्क रुपमा गण्डकी इमेजिङ्ग एण्ड डाइग्नोष्टिक सेन्टर, महेन्द्रपुल , पोखरामा सम्पन्न भएको छ। क्यान्सर रोग निवारणमा सक्रिय नेपाल अर्वुद रोग निवारण संस्था र लण्डनमा अवस्थित नेपालीहरुले क्यान्सर रोगको न्युनिकरण गर्ने बेलायतमा नेपालीहरुको संस्था माया आउटरीच , यु .के.को सहकार्य र सहआयोजनामा ३१० जना महीलाहरुको पाठेघर क्यान्सरको निशु:ल्क परीक्षण सम्पन्न भएको थियो।

## ५. क्यान्सर दिवसको अवसरमा क्यान्सर बिरामीलाई फलफुल बितरण कार्यक्रम



विश्व क्यान्सर दिवसको अवसरमा नेपाल अर्बुदरोग निवारण संस्था , कास्कीले २०७० माघ २१ गते मणीपाल अस्पताल , पोखरामा रहेका क्यान्सर बिरामीहरुलाई फलफुल बितरण गरीएको थियो । नेपाल अर्बुदरोग निवारण संस्था, कास्कीका सभापती दिनेश शंकर पालीखेको सभापतित्वमा भएको उक्त कार्यक्रममा मणीपाल अस्पतालका क्यान्सर चिकित्सक डा. ऋषी शेरचनले समयमै क्यान्सर रोगको पहिचान गर्न सके रोगको रोकथाम सम्भव भएको विचार गर्नु हुँदै उहाँले मानिसहरुको जिवन शैली , वातावरण र खानपानमा विशेष ध्यान दिनुपर्ने बताउनु भएको थियो । नेपाल अर्बुदरोग निवारण संस्थाका सह सचिव शान्ता गिरी लगायतले विश्व क्यान्सर दिवसको बारे जानकारी दिनुभएको थियो ।

## ६. अष्ट्रेलीयन क्यान्सर काउन्सीलको सहयोग र प्रतिनीधिको पोखरा भ्रमण




अष्ट्रेलीयन क्यान्सर काउन्सील , क्विन्सल्याण्डले अर्बुदरोगको सचेतना , न्युनीकरण तथा सुर्तिजन्य पदार्थको नियन्त्रणका लागि कास्की शाखालाई आर्थीक सहयोग गरेको छ । अष्ट्रेलीयन क्यान्सर काउन्सीलका प्रतिनीधि निकोल वोर्डरलाई कास्की शाखाले बिगतमा गरेका र भावि दिनमा गरीने कार्यक्रम सम्बन्धमा २०७० फाल्गुन ६ गते स्वागत कार्यक्रम गरी सभापती दिनेश शंकर पालिखेले जानकारी दिनुभएको थियो । त्यस्तै पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुभाष तभ्न्याले नेपालमा अर्बुदरोग निवारणका लागि अष्ट्रेलीयन क्यान्सर काउन्सीलको विशेष सहयोग रहेको र धुम्रपानमुक्त समाजको लागि संयुक्त कार्यक्रमहरु संचालन गर्दै आईरहेको जानकारी दिनुभएको थियो । अष्ट्रेलीयन क्यान्सर काउन्सीलका प्रतिनीधि निकोल वोर्डरले नेपालमा क्यान्सर रोग सम्बन्धि जनचेतनामुलक कार्यक्रमका लागी सहकार्य र सहयोगको सम्बन्धमा आफ्ना भनाई राख्दै भविष्यमा संयुक्त कार्यक्रम गर्ने धारणा राख्नु भएको थियो । उक्त कार्यक्रममा पदाधिकारी र सदस्यहरुको उल्लेखनीय सहभागीता रहेको थियो ।

## ७ . क्यान्सर उपचार सेवा केन्द्रको स्थापनाको लागि अन्तरक्रिया कार्यक्रम




नेपाल अर्बुद रोग निवारण संस्था, कास्कीले कास्की जिल्लामा क्यान्सर विरामीहरुको सुविधाको लागि “क्यान्सर उपचार सेवा केन्द्र” स्थापनाको लागि २०७० फागुन ८ गते स्काइ टच रेन्टुरेन्ट न्यूरोड पोखरामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समितिका अध्यक्ष तथा वरिष्ठ रेडियोलोजिष्ट डा. कालु शर्माले कार्यपत्र पेश गर्दै क्यान्सर रोग दिनानुदिन वृद्धि भइरहेको र उपचारको लागि क्यान्सर उपचार सेवा केन्द्रको आवश्यकता रहेको वताउनु भएको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा संस्थाका केन्द्रिय उपकोषाध्यक्ष माधव प्रसाद सिग्देल, सल्लाहकार आनन्दराज मुल्मी, यसस्कर सदस्य लेखतमान लाभाजू, पूर्व सभासद तथा वरिष्ठ उद्योगपति सूर्य बहादुर के.सी. र क्यान्सर काउन्सील, क्विन्सल्याण्ड, अष्ट्रेलियाका प्रतिनिधि निकोल वोर्डर लगायतले क्यान्सर उपचार सेवा केन्द्रको महत्व र आवश्यकता बारे प्रकास पार्नु भएको थियो । पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुभाष तझ्याले स्वागत मन्तव्य, प्रेम बहादुर भुजेलले कार्यक्रम संचालन र सभापति दिनेश शंकर पालिखेले धन्यवाद ज्ञापन गर्नु भएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा विभिन्न संघ संस्था, आमा समुह, टोलविकास संस्था, स्वास्थ्यकर्मी, नागरिक समाज र संचारकर्मीको उल्लेखनिय उपस्थिति रहेको थियो

## ८ . <u>क्यान्सर रोग सम्बन्धी सचेतना तथा विद्यालय सहयोग कार्यक्रम</u>




नेपाल अर्बुद रोग निवारण संस्थाको आयोजनामा कास्की जिल्लाको काहुँ गा.वि.स स्थित गा. वि.स  भवनमा क्यान्सर रोग सम्बन्धी अभिबृद्धिको लागि समुदायस्तरीय सचेतनामूलक कार्यक्रम २०७० फागुन ९ गते सम्पन्न भयो । उक्त सचेतना कार्यक्रममा प्रशिक्षक शान्ता गिरी र प्रेम बहादुर भुजेलले क्यान्सर रोग तथा सुर्तिजन्य पदार्थको नकारात्मक असर र नियन्त्रण, क्यान्सर रोगबाट बच्ने उपाय, लक्षण र उपचार सम्बन्धी जानकारी दिनु भएको थियो । त्यस्तै सोही दिन काँहु गा.वि.स. अवस्थित महेन्द्र.मा.वि. मा पनि विद्यालयस्तरीय क्यान्सर रोग शिक्षा कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त अवसरमा विद्यालयलाई शैक्षिक तथा खेलकुद सामग्री समेत हस्तान्तरण गरी विद्यालयलाई सहयोग गरेको थियो । साथै उक्त कार्यक्रमहरुमा सभापति दिनेश शंकर पालिखे, केन्द्रीय उपकोषाध्यक्ष माधव प्रसाद सिग्देल, पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुभाष तझ्या , क्यान्सर काउन्सील क्विन्सल्याण्ड, अष्ट्रेलियाका प्रतिनिधि निकोल वोर्डर लगायतले संस्थाका गतिविधि र क्यान्सर रोग निवारण सम्बन्धमा आफ्ना भनाई राख्नु भएको थियो । उक्त कार्यक्रममा क्यान्सर र सुर्तिजन्य पदार्थ सम्बन्धी ब्रोसर र किटब्याग समेत वितरण गरेको थियो

## ९ .लेखनाथमा क्यान्सर रोग सम्बन्धी सचेतनामूलक कार्यक्रम

नेपाल अर्बुद रोग निवारण संस्थाको आयोजनामा कास्की जिल्लाको लेखनाथ नगरपालिका, स्थित सामुदायक भवनमा क्यान्सर रोग सम्बन्धी अभिबृद्धिको लागि सचेतनामूलक कार्यक्रम २०७० फागुन १० गते सम्पन्न भयो । उज्वल आमा समूहको सहयोगमा सम्पन्न उक्त सचेतना कार्यक्रममा प्रशिक्षक शान्ता गिरी र प्रेम बहादुर भुजेलले क्यान्सर रोग तथा सुर्तिजन्य पदार्थको नकारात्मक असर र नियन्त्रण, क्यान्सर रोगबाट बच्ने उपाय, लक्षण र उपचार सम्बन्धी जानकारी दिनु भएको थियो ।

उक्त कार्यक्रमहरुमा सभापति दिनेश शंकर पालिखे, पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुभाष तभ्कया , क्यान्सर काउन्सील क्विन्सल्याण्ड, अष्ट्रेलियाका प्रतिनिधि निकोल वोर्डर र कार्यसमिति सदस्य गिरीराज गौतम लगायतले संस्थाका गतिविधि र क्यान्सर रोग निवारण सम्बन्धमा आफ्ना भनाई राख्नु भएको थियो । उक्त कार्यक्रममा क्यान्सर र सुर्तिजन्य पदार्थ सम्बन्धी ब्रोसर र किटब्याग समेत वितरण गरेको थियो ।

## १० . भारतीय तथा अष्ट्रेलियन क्यान्सर रोग विशेषज्ञको पोखरा भ्रमण र स्वागत




नेपाल अर्बुद रोग निवारण संस्था, कास्कीले मित्रराष्ट्र भारतको टाटा मेमोरियल हस्पिटल, मुम्बईका वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा. एस.के श्रीवास्तवको पोखरा भ्रमणको अवसरमा स्वागत कार्यक्रम २०७० फागुन २७ गते सम्पन्न गरेको छ। उक्त अवसरमा डा. एस.के श्रीवास्तवले भारत र नेपाल घनिष्ट मित्रराष्ट्र भएकोले क्यान्सर रोग निवारणमा सहकार्य र आपसी सहयोगको आवश्यकता रहेको बताउनु भएको थियो । उक्त स्वागत कार्यक्रममा क्यान्सर रोग विशेषज्ञ डा. राजेन्द्र बरालले नेपालमा क्यान्सर रोग निवारणमा भएका क्रियाकलापको जानकारी र क्यान्सर काउन्सील क्विन्सल्याण्ड, अष्ट्रेलियाका प्रतिनिधि निकोल वोर्डरले अष्ट्रेलियामा क्यान्सर रोगको स्थिति र नेपाललाई गर्ने सहयोग सम्बन्धमा आफ्नो धारणा व्यक्त गर्नु भएको थियो । संस्थाका सभापति दिनेश शंकर पालिखेको सभापतित्वमा भएको स्वागत कार्यक्रममा कार्यक्रम संचालन, कार्यसमिति सदस्य प्रेम बहादुर भुजेल, संस्थाको गतिविधि सम्वन्धमा पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुभाष तभ्कया र धन्यवाद ज्ञापन डा कालु शर्माले गर्नु भएको थियो । कार्यक्रममा भारतीय तथा अष्ट्रेलिया का अतिथिहरुलाई मायाको चिनो समेत प्रदान गरिएको थियो ।

## ११ . आजिवन सदस्यता

नेपाल अर्वुदरोग निवारण संस्था कास्की शाखाले शााखा गतीविधिलाई अभ्र बिस्तार गर्न सहयोगी हातहरु बदाउने क्रममा ११२ जना आजीवन सदस्यहरु रहेको र बिभीन्न कार्यक्रमहरुमा आजीवन सदस्यहरुको सहयोग र सहभागीता भएको छ ।

## १२. क्यान्सर तथा सुर्तीजन्य पदार्थ सम्बन्धमा परामर्श सेवा

कास्की शाखाले आफ्नै भवन महेन्द्रपुल पोखरामा क्यान्सर रोग सम्बन्धि परामर्श सेवा प्रदान गर्दै आएको छ साथै सुर्तीजन्य पदार्थको नियन्त्रणको सम्बन्धमा आवश्यक जानकारी समेत प्रदान गर्दै आएको छ ।

## १३ . क्यान्सर शिक्षा कार्यक्रम

नेपाल अर्वुदरोग निवारण संस्था कास्की शाखाले विभीन्न बिद्यालयसंग समन्वय गरी क्यान्सर शिक्षा कार्यक्रम संचालन गर्दै आएको र विभीन्न पत्रपत्रीकामा अर्वुदरोग तथा धुम्रपान सम्बन्धि लेख रचना प्रकाशीत गर्दै आईरहेको छ । त्यस्तै स्थानीय एफ एम र टेलीभीजनमा समेत अर्वुदरोग निवारण सम्वन्धि सचेतना कार्यक्रम समेत प्रशारण गरेको छ ।

## १४. स्त्री रोग तथा पाठेघर क्यान्सर सम्बन्धि परीक्षण शिविर

नेपाल अर्बुद रोग निवारण संस्था, कास्कीले रोटरी क्लब अफ पोखराको संयुक्त आयोजनामा लेखनाथ सामुदायिक लायन्स अस्पताल, बेगनासमा २०७० चैत्र २९ गते “स्त्री रोग तथा पाठेघर क्यान्सर सम्बन्धि परीक्षण र सचेतना कार्यक्रम” सम्पन्न गरेको छ । उक्त कार्यक्रममा पाठेघरको श्राव परीक्षण प्याप स्मेर टेस्ट निशुल्क रुपमा गरिएको र महिलाहरुको स्वास्थ्य परिक्षण गरिनुका साथै औषधी वितरण समेत गरिएको थियो । नेपाल अर्बुद रोग निवारण संस्थाका सभापति दिनेश शंकर पालिखेको सभापतित्वमा भएको उक्त कार्यक्रममा रोटरी क्लब अफ पोखराका अध्यक्ष मिनु कुँवर श्रेष्ठले स्वागत, संयोजक रामचन्द्र थापाले कार्यक्रम सम्बन्धी जानकारी, लेखनाथ सामुदायिक अस्पतालका अध्यक्ष गोविन्द कर्माचार्य, लेखनाथ नगरपालिकाका महिला विभाग प्रमुख मिना भट्टराई, केन्द्रिय उपकोषाध्यक्ष माधव प्रसाद सिग्देल, पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुबास तफ्र्या तथा बरिष्ठ चिकित्सक डा. कालु शर्मा ले कार्यक्रमबारे प्रष्ट पार्नुभएको थियो ।
त्यस्तै बरिष्ठ चिकित्सक डा. कालु शर्मा, प्रशिक्षक प्रेम भुजेल र सान्ता गिरीले क्यान्सर रोग सम्बन्धी जानकारीमुलक सचेतना कार्यक्रम समेत गरिनुका साथै क्यान्सर रोग सम्बन्धी ब्रोसर समेत वितरण गरिएको थियो ।

## १५ . क्यान्सररोग सम्वन्धि सचेतनामुलक कार्यक्रम

कास्की शाखाको आयोजनामा एस .ओ. एस. बहिनी संस्था ,जरेवर , पोखरामा क्यान्सररोग सम्वन्धि जानकारी अभीवृद्धिको लागी सचेतनामुलक कार्यक्रम २०७१ बैसाख २६ गते संम्पन्न भयो । उक्त सचेतनामुलक कार्यक्रममा केन्द्रिय उपकोषध्यक्ष माधव प्रसाद सिग्देलले पोखरामा क्यान्सर सेवा केन्द्रको स्थापनाको बारेमा जानकारी दिनुभएको थियो । त्यस्तै सह सचीव तथा प्रशीक्षक शान्ता गीरीले नेपालमा बढ्दो रुपमा रहेको पाठेघर तथा स्तन क्यान्सर सम्वन्धि लक्षण ,उपचार र अरु विविधपक्ष वारे सहजीकरण गर्नुभएको थियो । नेपाल अर्बुदरोग निवारण संस्थाका सभापती दिनेश शंकर पालिखेको सभापतीत्वमा भएको उक्त कार्यक्रममा वहाँले संस्थाको गतिबीधिबारे जानकारी समेत दिनुभएको थियो । एस .ओ. एस. बहिनी संस्थाका अध्यक्ष राधा पौडेलले सचेतना कार्यक्रमको बारेमा तथा सचीव राम प्रसाद वस्ताकोटि र प्रेम बहादुर भुजेलले सहभागीहरुलाई क्यान्सर रोग र धुम्रपान सम्वन्धि व्रोसरहरु वितरण गर्नुभएको थियो । उक्त कार्यक्रममा स्थानीय महिलाहरुको उल्लेखनीय सहभागीता रहेको थियो ।

## १६ . अर्वुदरोग सचेतना रेडियो कार्यक्रम

क्यान्सर दिवस तथा बिश्व धुम्रपान रहित दिवशको अवसरमा क्यान्सर निवारण तथा सुर्तीजन्य पदार्थ सम्वन्धि ऐन कार्यन्वयनको विषयमा शाखा सभापती दिनेश शंकर पालीखे र सहसचिव शान्ता गिरी लगायतले रेडियो अन्नपुर्ण , सफलता र माछापुछ्रे एफ एम लगायत बाट क्यान्सर सम्वन्धि विभीन्न जानकारीका साथै शाखा गतिविधी , सुर्तीजन्य पदार्थ सम्वन्धि

ऐन कार्यान्वयन पक्षवारे भनाई राख्नु भएको थियो । त्यस्तै बिभीन्न समयमा अन्नपुर्ण एफ. एम , सफलता एफ. एम , माछापुच्छे एफ.एम. तथा गोर्खाली एफ. एम. को रेडियो अन्तर्वार्तामा समेत अर्वुदरोग र शाखा कृयाकलाप सम्वन्धमा जानकारी दिइएको थियो ।

## १७ . अर्वुदरोग सम्वन्धि लेख रचना प्रकाशन

कास्की शाखाले अर्वुद रोग निवारण र सुर्तीजन्य पदार्थको न्युनीकरण तथा सचेतनाका साथै सुर्तीजन्य पदार्थ सम्बन्धि ऐनको कार्यन्वयनको पक्षमा जनमत सिर्जना तथा दवाबका लागी स्थानिय र राष्ट्रिय दैनीक पत्रपत्रीका र विभीन्न संघसंस्थाका स्मारीकाहरुमा लेख रचना र कविताहरु प्रकाशीत गर्दै आईरहेको छ । यहि क्रममा आदर्श समाज , समाधान दैनीक , नागरीक , अन्नपुर्ण मीरर, रोटरी तथा लायन्स स्मारीका र अर्वुद स्मारीका लगायतमा लेख रचना र कविता समेत प्रकाशीत गरीएको थियो

## १८ . सुर्तीजन्य पदार्थ सम्बन्धि बक्तृत्वकला प्रतियोगिता



नेपाल अर्बुदरोग निवारण संस्था, कास्कीले विश्व धुम्रपान रहित दिवशको अवसरमा “सुर्तीजन्य पदार्थमा कर बढाऔं, रोग तथा मृत्यु घटाऔं” विषयमा माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता २०७१ जेष्ठ १५ गते ईन्टेल ईन्स्टीच्यूट, बास्तोलाथर, पोखरा-९ मा सम्पन्न भएको छ । उक्त प्रतियोगितामा २५ उच्च माध्यमिक विद्यालयका ३५ जना विद्यार्थीहरु सहभागी भएको थियो । सम्पन्न भएको वक्तृत्वकला प्रतीयोगीतामा सुमन परियार, महिमा उच्च मा.बि. प्रथम ,सुनिता कार्की, सेन्टमेरीज उच्च मा.बि. द्धितिय , आशिष कार्की, रत्नज्योति उच्च मा.वि. तृतीय र विनिता आचार्य र आस्था पौडेल, मदरल्याण्ड उच्च मा.बि. ले सान्त्वना स्थान प्राप्त गरेका छन्

संस्थाका सभापति दिनेश शंकर पालिखेको सभापतित्वमा भएको उक्त वक्तृत्वकला प्रतियोगिता कार्यक्रमा संस्थाका पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुभाष तभ्न्या, केन्द्रि उप कोषाध्यक्ष माधव प्रसाद सिग्देल, ईन्टेल ईन्स्टीच्यूटका निर्देशक शिव त्रिपाठी र कार्यक्रम संयोजक प्रेम बहादुर भुजेल लगायतले सुर्तीजन्य पदार्थको नियन्त्रण र क्यान्सर रोग सम्बन्धमा जानकारी दिनु भएको थियो ।

## १९ . विश्व धुम्रपान रहित दिवसको कार्यक्रम




नेपाल अर्बुदरोग निवारण संस्थाले विश्व धुम्रपान रहित दिवसको अवसरमा जेठ १७ गते सुर्तीजन्य पदार्थको नियन्त्रण सम्बन्धि सचेतना कार्यक्रम सहित कार्यक्रम सम्पन्न गरेको छ । यस वर्षको विश्व धुम्रपान रहित दिवसको नारा “सुर्तीजन्य पदार्थमा कर बढाऔं, रोग र मृत्यु घटाऔं” भन्ने रहेको थियो । उक्त कार्यक्रममा प्रमुख अतीथि स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्ण प्रसाद बास्तोला, श्रोत व्यक्ति डा. कालु शर्मा , नेपाल उद्योग वाणीज्य महासंघका पूर्व अध्यक्ष आनन्द राज मुल्मी , केन्द्रीय उप-कोषाध्यक्ष माधवप्रसाद सिग्देल र पशिचमाञ्चल क्षेत्रीय संयोजक सुभाष तभ्त्या लगायतले सुर्तीजन्य पदार्थको नियन्त्रण साथै जनचेतना र कर वृद्धिमा जोड दिनुभएको थियो । उक्त अवसरमा संस्थाका सभापती दिनेश शंकर पालिखेले संस्थाका गतिबिधी सम्बन्धि जानकारी दिनुभएको थियो । कार्यक्रम संयोजक प्रेम बहादुर भुजेलले सहजीकरण र सचिव राम प्रसाद बस्ताकोटीले स्वागत गर्नु भएको उक्त कार्यक्रममा वक्तृत्वकला प्रतीयोगीतामा बिजयी बिद्यार्थीहरुलाई प्रमाणपत्र र पुरस्कार बितरण गरीएको थियो ।

संस्थाका सभापती दिनेश शंकर पालिखेको सभापतीत्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सुर्तीजन्य पदार्थ सम्बन्धि जनचेतनामूलक ब्रोसर वितरण समेत बितरण गरीएको थियो । उक्त सचेतना कार्यक्रममा बिभीन्न शैक्षिक , सामाजिक संघसंस्थाका प्रतिनीधि , संचारमाध्यम तथा आजीवन सदस्यहरुको उपस्थिती रहेको थियो ।

## २०. बिभिन्न सहयोग

यस वर्ष कास्की शाखाले अर्वुदरोग निवारण तथा सुर्तीजन्य पदार्थको नियन्त्रणको सहकार्यका लागी बिभीन्न शैक्षिक , सामुदायीक र स्वास्थ्य संघ संस्थालाई क्यान्सर पुस्तीकाहरु बितरण , सचेतना कार्यक्रम, स्वास्थ्य परीक्षण र क्यान्सर बिरामीलाई सहयोग गर्दै आएको छ ।

## २१. कार्यसमीती बैठक

तेह्रौं शाखा सभा पश्चात शाखाको कार्यसमीतीको बैठक २०७१ मंसीर सम्म १३ पटक नियमीत सम्पन्न भएको तथा बैठकमा पदाधीकारी र सदस्यहरुको उपस्थीतीमा अर्वुदरोग निवारणका साथै सुर्तीजन्य पदार्थको नियन्त्रणका लागी गरीने क्रियाकलापहरु र संस्थाको भावी कार्यक्रम सम्बन्धि छलफल र निर्णय हुने गर्दछ ।

## २२. . सुर्तीजन्य पदार्थको नियन्त्रणका सम्बन्धि साझेदारी कार्यक्रम

कास्की शाखाले पोखरा उपमहानगरपालीकाको सहकार्यमा सुर्तीजन्य पदार्थको नियन्त्रणका लागी सचेतनामुलमक कार्यक्रम संचालन गर्न आवश्यक पहल भैरहेको छ । पोखरा उपमहानगरपालीका क्षेत्रलाई सुर्तीजन्य पदार्थ मुक्त बनाउन कास्की शाखाले उक्त साझेदारी कार्यक्रम मार्फत संचालन गर्ने रणनीती लिएको छ ।

## २३. क्यान्सर बिरामीलाई सिफारीस

कास्की शाखाले क्यान्सर बिरामीलाई निशुल्क हवाई सेवा र अन्य बिरामीलाई थप उपचारमा सहयोगको लागी सिफारीस गरी क्यान्सर पिडित बिरामीलाई प्रत्यक्ष सहयोग प्रदान गर्दै आएको छ । त्यसै गरी संस्थाले संचालन गरेको भक्तपुर क्यान्सर अस्पतालका सेवा सुविधा बारे जानकारी दिने कार्य समेत भएको छ ।

## २४. विभिन्न कार्यक्रममा सहभागीता

क्यान्सर रोग निवारणको उदेश्यले विभीन्न संघसंस्थासंग सहकार्य र समन्वयको लागी अन्य संघसंस्थाले आयोजना गरेको पदस्थापन, वार्षीकोत्सव, प्रशीक्षण, सेमीनार र बैठक लगायतमा पदाधीकारी र सदस्यहरुको सहभागी रहदैं आएको छ ।

उक्त कार्यक्रमहरुमा क्यान्सर तथा सुर्तीजन्य पदार्थ र संस्थाका गतीविधी सम्बन्धमा समेत जानकारी समेत प्रदान गर्दै आएको छ । नेपाल अर्वुदरोग निवारण संस्था, केन्द्रले बिभिन्न समयमा आयोजना गरेको क्यान्सर रोग र सुर्तीजन्य पदार्थ सम्बन्धि बैठक, अन्तक्रिया कार्यक्रमहरुमा पदाधिकारी र सदस्यहरुको सहभागीता रहेको थियो ।

## २५ . सुर्तीजन्य पदार्थ सम्बन्धि ऐनको कार्यान्वयन तथा संस्थाका गतिविधी वारे जानकारी

शाखा सभापती दिनेश शंकर पालिखे लगायत पदाधिकारीले अर्वुदरोग निवारणका लागी गरेको गतीविधी साथै सुर्तीजन्य पदार्थको नकारात्मक असर साथै सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमण गर्ने ऐनको कार्यान्वयन सम्वन्धमा सरकारी निकायमा हुने अर्न्तक्रीया कार्यक्रम तथा रोटरी र लायन्स क्लब लगायत अन्य संघसंस्थाद्धारा आयोजीत कार्यक्रममा जानकारी गराईएको थियो ।

## २६ .केन्द्रिय पदाधिकारीको शाखा भ्रमण

केन्द्रिय पदाधिकारीहरुले बिभीन्न समयमा कास्की शाखाको भ्रमण गरी अर्वुदरोग निवारण र सुर्तीजन्य पदार्थ नियन्त्रणका लागी गरीएका क्रियाकलापहरु र संस्थाको भावी कार्यक्रम सम्बन्धमा छलफल तथा आवश्यक मार्गनिर्देशन साथै सहयोग र सद्भाव राख्दै आएको छ ।

## २७ . क्यान्सररोग तथा सुर्तीजन्य पदार्थ सम्बन्धि जनचेतना मुलक कार्यक्रम

कास्की शाखाको आयोजना तथा ज्ञानमार्ग स्वतन्त्र महीला समुहको सहयोगमा ज्ञानमार्ग , पोखरामा क्यान्सर रोग तथा सुर्तीजन्य पदार्थ सम्बन्धि जानकारी अभीवृद्धिको लागि सचेतनामुलक कार्यक्रम २०७१ असार २८ गते सम्पन्न भयो । उक्त सचेतना कार्यक्रममा प्रशीक्षक प्रेम बहादुर भुजेलले क्यान्सर रोगको लक्षण र उपचार सम्बन्धी विविध पक्षबारे जानकारी दिनु भएको थियो । त्यस्तै सह सचीब तथा प्रशिक्षक शान्ता गिरीले नेपालमा बढ्दो रुपमा रहेको पाठेघर तथा स्तन क्यान्सर सम्बन्धि लक्षण र उपचार सम्बन्धी जानकारी दिनु भएको थियो । नेपाल अर्बुद रोग निवारण संस्थाका सभापति दिनेश शंकर पालिखेको सभापतीत्वमा भएको उक्त कार्यक्रममा वहाँले संस्थाको गतीबिधीबारे जानकारी समेत दिनु भएको थियो ।

## २८ . अर्वुदरोग सचेतना कार्यक्रम

अर्बुद रोग सम्बन्धि सचेतनाको उदेश्यले मालेपाटन , पोखरामा अर्बुद रोग सचेतनामुलक कार्यक्रम २०७१ साउन १७ गते सम्पन्न भयो । उक्त सचेतना कार्यक्रममा स्थानीय महीलाहरुको उल्लेखनीय उपस्थिती रहेको थियो । त्यस्तै प्रशीक्षक प्रेम बहादुर भुजेल , शान्ता गिरी र राधिका सिग्देल लगायतले क्यान्सर रोगको लक्षण र उपचार तथा विविध पक्षबारे जानकारी दिनु भएको थियो ।

# नेपाल अर्बुदरोग निवारण संस्था, कास्की शाखा

## वर्तमान कार्यसमिति

| | |
|---|---|
| सभापती | :- दिनेश शंकर पालीखे |
| निवर्तमान सभापती | :- माधव प्रसाद सिग्देल |
| उपसभापती | :- सत्यमान लाभाजु |
| सचिव | :- राम प्रसाद वस्ताकोटी |
| कोषाध्यक्ष | :- रामचन्द्र थापा |
| सहसचिव | :- शान्ता गिरी |
| सदस्यहरु | :- वसन्त उदास, प्रेम बहादुर भुजेल, कृष्ण मान मानन्धर |
| | :- तिर्थ बहादुर बस्नेत, शान्त कुमार श्रेष्ठ, विश्व मोहन अधिकारी, पदम लाल श्रेष्ठ, राधिका सिग्देल, गिरीराज गौतम |
| सल्लाहकारहरु | :- आनन्दराज मुल्मी, लेखतमान लाभाजु, सुभाष तभ्या |